बैठक सख्याः ६(छ)

मिति २०८१/०८/०२ को नगर कार्यपालिका बैठकका निर्णयहरुः-

निर्णय नं.- १(एक)

सिद्धार्थनगर नगरपालिकाको मिति २०८०।११।२३ (६ मार्च २०२४) का दिन अंग्रेजी पत्रिका द राइजिङ्ग नेपाल मा Drainage, Road, Footpath and Street Improvement of Siddharthanagar Municipality (URLIP/SDN/CW/01) को लागि e-bidding मार्फत अन्तर्राष्ट्रिय बोलपत्र Invitation for Electronic Bids, २७ मार्च २०२४ मा Addendum No. 1, २९ अप्रिल २०२४ मा Addendum No. 2 र ७ मे २०२४ मा Amendment Notice आह्वानको सूचना जारी भए अनुसार मिति २०८१।०२।०४ (१७ मे २०२४) का दिन दिनको १२:०० बजेभित्र पेश हुन आएका Financial बोलपत्रहरुको Document अध्ययन गर्दा उल्लेखित बोलपत्रदाताहरु मध्ये 1. Sharma & Co Pvt Ltd, 2. Kalika Construction Pvt. Ltd., 3. AIPL-NANC Joint Venture, 4. SPGEC-KUMAR JV, 5. VIJAI CONSTRUCTION INDIA PRIVATE LIMITED, 6. RAMAN CONSTRUCTION PVT LTD, 7. EKK Infrastructure Limited, 8. JIANGXI-BANIYA JV, 9. Ashish Nirman Sewa Pvt. Ltd. समेतका बोलपत्रहरु मध्ये EKK Infrastructure Limited, Perumbavoor, Ernakulam, India को बोलपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा बोलपत्र मुल्याङ्कन समितिको मिति २०८१/०७/११ मा भएको निर्णयानुसार आर्थिक प्रस्तावको मुल्याङ्कन स्वीकृतिका लागि आयोजना समन्वय इकाइ PCO मा मिति 28 Oct. 2024 मा पठाइएकोमा PCO बाट 15 November 2024 तथा ADB को PCO मार्फत मिति 14 November. 2024 मा आर्थिक प्रस्तावको मुल्याङ्कन स्वीकृत भइ यस कार्यालयमा पत्र तथा इमेल प्राप्त भएको हुँदा सो बमोजिमको आर्थिक प्रस्ताव मूल्याङ्कन स्वीकृत गरी नियमानुसार आशय जारी गर्न PIU लाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.- २(दुई)

सिद्धार्थनगर नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट शिर्षक नम्बर ८०५४८४०४५११ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) खर्च शिर्षक नं. ३११२२ अन्तर्गत स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदानमा रु ५५ लाख बजेट प्राप्त भएकोमा सो बजेट खर्च गर्नका लागि विद्यालय छनौट गर्नुपर्ने हुँदा सि.न.पा. वडा नं. १३ स्थित सुसँस्कृत माध्यमिक विद्यालय छनौट गर्ने र सो छनौट भएको विद्यालयबाट उपभोक्ता सञ्चालन सम्बन्धि कार्यविधि,२०७८ को दफा ८ बमोजिम २० प्रतिशत रकम लागत साझेदारी व्यहोर्ने गरी विद्यालय भौतिक पुर्वाधारको काम गर्ने निर्णय गरियो ।